स्थानीय सरकार
# अजयमेरु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

Email: info@ajayamerumun.gov.np
Website: www.ajayamerumun.gov.np

प.स. २०८०।०८१
च.नं. २४६१

मितिः २०८१।०१।१६ गते

श्री शिक्षक कर्मचारीहरु सबै,
अजयमेरु गाउँपालिका, डडेल्धुरा।

विषयः जानकारी गरिएको बारे।

उपरोक्त विषय सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ, डडेल्धुराको च.नं. ७८० मिति २०८१ बैशाख १४ गतेको प्राप्त पत्रानुसार सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरु विभिन्न राजनीतिक दलको सदस्यता लिएको, कार्यकारणी समितिमा रहेको, महाधिवेशन प्रतिनिधि भएको बारे विवरण माग भइ आएकोले यस गाउँपालिका अन्तरगत सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरु राजनीतिक दलको सदस्यता लिएको, कार्यकारणी समितिमा रहेको, महाधिवेशन प्रतिनिधि भएको भए ५ दिन भित्र सदस्यता त्याग गरी यस कार्यालयमा जानकारी गराउन हुन निर्देशन गरिन्छ ।साथै सो सम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर मिति २०८१ बैशाख ०७ गतेको राजनीतिक दलको कार्यकारणी समितिको सदस्य रहेको शिक्षक।कर्मचारीलाई कारवाही सम्बन्धमा र शिक्षा विकास तथा समन्वय इकाइ, डडेल्धुराको पत्र समेत यसै साथ संलग्न छ ।

२०८१।१।१६
जितेन्द्र प्रसाद ओझा
प्रमुख प्रशासकीय अधिकृत

(जितेन्द्र प्रसाद ओझा)
प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थः</u>
श्री सूचना तथा सञ्चार प्रविधि शाखा- सूचना सम्प्रेषण गरिदिनहुन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शिक्षा विकास तथा समन्वय इकाइ
डडेल्धुरा

फोन नं. ०९६-४२०१३५
फ्याक्स नं. ०९६-४२०११७
नोटिसबोर्ड १६१८-०९६-४२०११७
इमेल ठेगाना: edcuddl12@gmail.com

प.सं: २०८०/०८१ (वि.प्र) मिति २०८१/०१/१४
च.नं. 680

विषय : विवरण उपलब्ध गराइदिने सम्बन्धमा ।

श्री सात वटै स्थानीय तह
शिक्षा,युवा तथा खेलकुद शाखा
डडेल्धुरा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र शिक्षक व्यवस्थापन समन्वय शाखा सानोठिमी,भक्तपुरको च.न.२०१ मिति २०८१।०१।०७ गतेको पत्रको छाँयाकपी यसै पत्र साथ सँलग्न छ ।सो बमोजिम तहाँ स्थानीय तह भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षक,कर्मचारी विभिन्न राजनितिक दलको सदस्यता लिएको,कार्यकारिणी समितिमा रहेको,महाधिवेशन प्रतिनिध भएको भए सो सम्बन्धी विवरण यस इकाइमा उपलब्ध गराइ दिन हुन अनुरोध छ ।

नारद प्रसाद जोशी
इकाइ प्रमुख

नारद प्रसाद जोशी
इकाइ प्रमुख

श्री शिक्षा शाखा
सबै विद्यालय र शिक्षकहरूलाई
जानकारीका लागि लेखौं।
१/१४

दर्ता मिति २०८१/१/१६
दर्ता नं. २४६४

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
शैक्षिक योजना तथा विकास महाशाखा
**शिक्षक व्यवस्थापन समन्वय शाखा**
सानोठिमी, भक्तपुर

प.सं. २०८०/८१ शि. व्य.
च.नं. 201

शाखा सम्पर्क नं. ०१-६६३५११३
मिति:२०८१/०१/०७

विषयः राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको शिक्षक/कर्मचारीलाई कार्यवाही सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबै।

श्री वि.प्र.
स्थानीय तह सबैलाई बोधार्थ
२०८१।०१।०७ | नरसिम्ह

प्रस्तुत विषयमा श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३७०, मिति २०८१/०१/०४ को पत्रानुसार सामुदायिक विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीले विभिन्न राजनीतिक दलको सदस्यता लिएको, कार्यकारिणी समितिमा रहेको, महाधिवेशन प्रतिनिधि भएको जस्ता विषय उल्लेख गरी मन्त्रालयमा प्राप्त निवेदनहरुका सम्बन्धमा राजनीतिक दलमा संलग्न शिक्षक, कर्मचारीलाई शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली २०५९, को प्रावधान साथै उच्च अदालत पाटनको रिट नं. ०७८-WO-०४०८, निर्णय नं. ३३६ मा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७ तथा शिक्षा ऐन, २०२८ को दफा १६ङ को उपदफा (५) को खण्ड (छ) मा रहेको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भनी भएको आदेश समेतको आधारमा पदबाट हटाई सो को जानकारी मन्त्रालयमा गराउने र यस्तै प्रकृतिका थप उजुरी निवेदनहरुको सम्बन्धमा समेत निरन्तर कारबाही गर्ने भनी मिति २०८१।०१ ०४ मा मन्त्रालय ( माननीय मन्त्रीस्तरीय) को निर्णय भइ आएकोले सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

२०८१।०१।०७
हरि बहादुर श्रेष्ठ
शाखा अधिकृत

बोधार्थ:
श्री स्थानीय तह सबै:आवश्यक सहयोग र सहजीकरणका लागि अनुरोध छ।